# राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन पुरस्कार छनौट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना:** सरकारी, सार्वजनिक, नीजि तथा अन्य क्षेत्रका विभिन्न पेशा व्यवसायमा आवद्ध रही विज्ञान, प्रविधि तथा नवप्रवर्तनको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिलाई राष्ट्रबाट कदर गर्न, विज्ञान, प्रविधि तथा नवप्रवर्तनका विभिन्न विधामा आविष्कार, नवप्रवर्तन र उन्नयन गर्ने वैज्ञानिक तथा प्राविधिज्ञको योगदानको सम्मान गर्न, विज्ञान प्रविधि तथा नवप्रर्वतनको विकास तथा विस्तार गरी यस क्षेत्रमा आवद्ध जनशक्तिको मनोवल उच्च राखी अभिप्रेरित गर्न राष्ट्रिय विज्ञान दिवसका दिन वितरण हुने पुरस्कारलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

विनियोजन ऐन २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद-१
## संक्षिप्त, नाम र प्रारम्भ

१. <u>यस कार्यविधिको नाम</u>: (१) यस कार्यविधिको नाम "राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन पुरस्कार छनौट तथा सिफारिससम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृति भएको मितिबाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्ययन प्रतिवेदन" भन्नाले विज्ञान प्रविधिसँग सम्वन्धित कुनै खास विषय वा क्षेत्रमा एकल वा समूहमा रही गरिएको खोज वा अनुसन्धान पश्चात निष्कर्ष सहित बुझाइएको प्रतिवेदन सम्झनु पर्छ।

(ख) "नवप्रवर्तन" भन्नाले नविनतम विधामा अधिक प्रभावकारी उत्पादन, प्रक्रिया, सेवा, प्रविधि वा व्यवसायिक नमुनाको तर्जुमा, गुणस्तर, डिजाइन, विकास वा नमुना विकासको माध्यमबाट गरिने आविष्कार वा सिर्जना सम्झनु पर्छ र सो शब्दले त्यस्तो आविष्कार वा सिर्जनाबाट पर्न जाने सामाजिक तथा आर्थिक प्रभावलाई समेत जनाउँछ।

(ग) "पुरस्कार" भन्नाले चालु आर्थिक वर्षको कार्यक्रम बमोजिम राष्ट्रिय विज्ञान दिवसका दिन दफा ९ बमोजिमको विधागत आधारमा प्रदान गरिने नगद पुरस्कारलाई जनाउँछ र सो शब्दले प्रदान हुने कदर-पत्रलाई समेत सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले पुरस्कृत हुने व्यक्तिको छनौट गरी राष्ट्रिय विज्ञान दिवस मूल समारोह समितिबाट प्रदान हुने पुरस्कार प्रदान गर्ने सम्बन्धी काममा सहजीकरण गर्न दफा ३ बमोजिम गठित पुरस्कार छनौट तथा सिफारिस समितिलाई सम्झनु पर्छ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

श्री विद्या भट्टराई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

## परिच्छेद-२
## लक्ष्य तथा उद्देश्य

३. लक्ष्यः विज्ञान, प्रविधि तथा नवप्रवर्तन क्षेत्रको विकास, विस्तार, संरक्षण तथा उन्नयनको लागि सार्वजनिक तथा निजि जीवनका कुनै सेवा, उद्यम तथा पत्रकारिताको माध्यमबाट अनुसन्धान तथा आविष्कार, नवप्रर्वतन, अध्यापनका संलग्न भई उत्कृष्टता हासिल गरेको व्यक्तिलाई राष्ट्रिय विज्ञान दिवसका दिन पुरस्कार प्रदान गर्न छनौट तथा सिफारिस गर्नु यस कार्यविधिको लक्ष्य रहेको छ।

४. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्ः-

(क) विज्ञान तथा प्रविधिका क्षेत्रमा भएका उपलब्धिको पहिचान गर्नु,

(ख) विज्ञान तथा प्रविधिको क्षेत्रमा हुने आविष्कार तथा नवप्रर्वतनलाई प्रवर्द्धन गर्नु,

(ग) विज्ञान तथा प्रविधि क्षेत्रको विकास, विस्तार, संरक्षण र उन्नयनमा संलग्न व्यक्तिलाई प्रोत्साहन गर्नु,

(घ) राष्ट्रिय विज्ञान दिवसका दिन प्रदान गरिने पुरस्कार प्राप्त गर्ने उपयुक्त व्यक्तिको छनौट गर्न आवश्यक प्रकृया पुरा गर्नु,

(ङ) राष्ट्रिय विज्ञान दिवसका दिन प्रदान गरिने पुरस्कार प्राप्त गर्न सूचनाको पहुँच पुऱ्याई उपयुक्त व्यक्तिको छनौट गर्नु।

## परिच्छेद-३
## पुरस्कार, छनौट तथा सिफारिस समितिसम्वन्धी व्यवस्था

५. पुरस्कारसम्बन्धी व्यवस्थाः राष्ट्रिय विज्ञान दिवसका दिन मन्त्रालयले आविष्कार, नवप्रर्वतन, अध्यापन, सरकारी, सार्वजनिक सेवा, उद्यम तथा पत्रकारिताको माध्यमबाट विज्ञान तथा प्रविधि क्षेत्रको विकास, विस्तार, संरक्षण र उन्नयनमा संलग्न हुने व्यक्तिलाई राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन पुरस्कार प्रदान गर्न सक्नेछ।

६. पुरस्कार, छनौट तथा सिफारिस समितिः (१) राष्ट्रिय विज्ञान दिवसका दिन मन्त्रालयले राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन पुरस्कार प्रदान गर्न उपयुक्त व्यक्तिको छनौट गरी सिफारिस गर्न पुरस्कार छनौट तथा सिफारिस समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार छनौट तथा सिफारिस समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) अनुसन्धान निर्देशक, विश्वविद्यालय अनुदान आयोग -संयोजक

(ख) प्रतिनिधि, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान - सदस्य



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं, नेपाल

श्री विद्या भट्टराई
माननीय मन्त्री,
शिक्षा, विज्ञान तथा प्रविधि

(ग) प्रतिनिधि, त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ्ग अध्ययन संस्थान - सदस्य

(घ) शाखा अधिकृत(कानून), कानून तथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय - सदस्य

(ङ) ईन्जिनियर, उपयुक्त प्रविधि शाखा, मन्त्रालय - सदस्य सचिव

(३) समितिको संयोजक वा सदस्यको नजिकको नातेदारको पुरस्कारको लागि निवेदन परेको वा सिफारिस भई आएको अवस्थामा त्यस्तो मूल्याङ्कनमा सम्बन्धित संयोजक वा सदस्यले मूल्याङ्कन गर्ने छैन।

(४) मन्त्रालयले समितिको सिफारिसको आधारमा सम्बन्धित व्यक्ति तथा संस्थालाई राष्ट्रिय विज्ञान दिवसका दिन पुरस्कार प्रदान गर्नेछ।

७. <u>समितिको बैठक सम्बन्धी कार्यविधि</u>: (१) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूमध्येबाट वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) समितिको बैठकमा भाग लिए बापत संयोजक र सदस्यहरुलाई नेपाल सरकार, अर्थ मन्त्रालयले निर्धारण गरे बमोजिमको बैठक भत्ता मन्त्रालयले उपलब्ध गराउनेछ।

(६) समितिको बैठकमा प्रति बैठक तीन जनाभन्दा बढि नहुने गरी आवश्यकता अनुसार विज्ञान तथा प्रविधि, लेखा, कानून तथा नविनतम प्रविधिका क्षेत्रमा कार्यरत जनशक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

(७) समितिको निर्णय संयोजक र सदस्य-सचिवले प्रमाणित गर्नेछन्।

(८) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पुरस्कारका लागि योग्य व्यक्तिबाट सम्बन्धित निकायको सिफारिस सहित निवेदन पेश गर्न सूचना प्रकाशन गरी सम्प्रेषण गर्ने,

(ख) सरकारी, सार्वजनिक तथा निजी क्षेत्रलाई पुरस्कार प्राप्त गर्न योग्य व्यक्तिको मनोनयन गरी पठाइदिन जानकारी गराउने र आवश्यकता अनुसार मन्त्रालय मार्फत सम्बन्धित निकायमा पत्राचार गर्ने,

(ग) प्राप्त हुन आएका आवेदन, प्रमाण कागजात तथा सिफारिसको सूची तयार गर्ने,

(घ) प्राप्त हुन आएका आवेदनको मूल्याङ्कन गर्ने,

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल



श्री विद्या भट्टराई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

(ङ) समितिको मूल्याङ्नबाट उत्कृष्ठ ठहरिएका व्यक्तिलाई विधागत आधारमा पुरस्कार प्रदान गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने।

## परिच्छेद ४
## पुरस्कार प्रदान हुने क्षेत्र तथा विधा

९. पुरस्कार प्रदान हुने विधा र संख्याः (१) राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन पुरस्कार देहाय बमोजिमका विधा क्षेत्र र निकायगत आधारमा देहाय बमोजिमको संख्यामा प्रदान गर्न सकिनेछः-

| क्र. सं. | विधा क्षेत्र | सिफारिस गर्ने निकाय | संख्या |
|---|---|---|---|
| १. | स्वास्थ्य | नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | १(एक) |
| २. | वातावरण | काठमाडौ विश्वविद्यालय, स्कुल अफ साइन्स | १(एक) |
| ३. | उर्जा | त्रिभुवन विश्वविद्यालय, इन्जिनियरिङ अध्ययन संस्थान | १(एक) |
| ४. | कृषि | कृषि तथा वन विज्ञान विश्वविद्यालय | १(एक) |
| ५. | उच्च शिक्षा (प्राज्ञिक) | विश्वविद्यालय अनुदान आयोग | १(एक) |
| ६. | विद्यालय शिक्षा (विज्ञान शिक्षक) | विज्ञान शिक्षक समाज नेपाल (एसटीएएन) | १(एक) |
| ७. | विज्ञान तथा प्रविधि पत्रकारिता | नेपाल विज्ञान पत्रकारिता समूह | १(एक) |
| ८. | ईनोभेटिभ उद्यम | नेपाल उद्योग वाणिज्य महासंघ | १(एक) |
| ९. | विज्ञान तथा प्रविधिमा कार्यरत कर्मचारी | मन्त्रालय | १(एक) |

(२) उपदफा (१) बमोजिमका क्षेत्रमा प्रदान हुने पुरस्कार राशी जनही पच्चीस हजार नेपाली रुपैयाँ र कदर-पत्र हुनेछ।

(३) उपदफा (१) बमोजिमका पुरस्कारको लागि कुनै विधामा कुनै निकायबाट सिफारिस भई नआएमा वा निवेदन तथा सिफारिस पेश हुन आएका व्यक्तिलाई पुरस्कार दिन उपयुक्त नहुने भनी समितिले निर्णय गरेको अवस्थामा त्यस्तो विधामा पुरस्कार दिईने छैन।

(४) उपदफा (१) बमोजिमका पुरस्कार सिफारिसको लागि छनौट गर्दा सम्बन्धित विधागत आधारमा मात्र प्रतिस्पर्धा गरिने छ र एक विधाको पुरस्कार अर्को विधामा प्रदान गर्ने गरी छनोट तथा सिफारिस गरिने छैन।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल



श्री विद्या भट्टराई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

(५) ईनोभेटिभ उद्यम क्षेत्रमा प्रदान गरिने पुरस्कार संस्थागत हुनेछ र अन्य पुरस्कार विधागत आधारमा व्यक्तिगत हुनेछ।

## परिच्छेद ५
## पुरस्कार छनौट तथा सिफारिससम्बन्धी व्यवस्था

१०. छनौट तथा सिफारिससम्बन्धी व्यवस्था: (१) समितिले दफा ५ तथा दफा ९ बमोजिमको पुरस्कारको लागि कम्तीमा सात दिनको समयावधि दिई पुरस्कारको लागि सिफारिस गर्न सबैले जानकारी पाउने गरी सिफारिस पठाउने स्थान, समय सहित सार्वजनिक सूचना प्रकाशन गरी सम्प्रेषण गर्नेछ र त्यस्तो सूचना मन्त्रालयको वेबसाइटमा समेत प्रकाशन गरिनेछ।

(२) उपदफा (१) मा उल्लिखित सूचनाका अतिरिक्त सरकारी वा सार्वजनिक निकाय वा संस्थागत निकायबाट सिफारिस भई पुरस्कार प्रदान हुने विधाका सम्बन्धमा उपयुक्त र योग्य व्यक्तिलाई पुरस्कारको लागि सिफारिस सहित नाम पठाइदिन विधागत रूपमा सरकारी, सार्वजनिक, निजी निकायमा सिफारिसको लागि पत्राचार गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको सूचनाका आधारमा यस कार्यविधि बमोजिम योग्यता पुगेको कुनै व्यक्तिले आफू आवद्ध निकायको सिफारिस सहित दफा ९ बमोजिमको विधागत विवरण तथा यस दफाको उपदफा (४) का आधारसहित अनुसूची-१ बमोजिम विवरण पेश गर्न सक्नेछ।

(४) यस कार्यविधिको दफा ९ बमोजिमका विधागत नाम सिफारिस सम्बन्धित मन्त्रालय वा अन्य सिफारिस गर्ने निकायले दफा ११ बमोजिम योग्यता पुगेकामध्येबाट मूल्याङ्कन गरी दुई जना योग्यतम व्यक्तिलाई अनुसूची-१ बमोजिमको ढाँचामा सिफारिस गरी मन्त्रालयमा पठाउनु पर्नेछ:

(क) सम्बन्धित व्यक्तिको विज्ञान तथा प्रविधिका क्षेत्रमा पुगेको योगदान,

(ख) निजले सार्वजनिक क्षेत्रमा पुऱ्याएको योगदान,

(ग) निजको कारण विज्ञान तथा प्रविधिका क्षेत्रमा पुग्न गएको उपलब्धि।

(५) समितिले उपदफा (३) तथा (४) बमोजिमको सिफारिस सहित पेश हुन आएका निवेदनको मूल्याङ्कन अनुसूची-२ का आधारमा गर्नेछ। समितिले सिफारिसको मूल्याङ्कन गरी दफा ९ को उपदफा (१) मा उल्लेखित प्रत्येक विधामा उच्चतम अंक प्राप्त गर्ने व्यक्तिलाई पुरस्कार प्रदान गर्न छनौट गरी मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल



श्री विद्या भट्टराई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

(६) मन्त्रालयले सिफारिस गर्दा यस कार्यविधि बमोजिम योग्यता पुगेको एक जनाको मात्र सिफारिस गर्न सक्नेछ। त्यस्तो एक जना मात्र सिफारिस भएकाको हकमा समितिले योग्यता पुगेको अवस्थामा पुरस्कारको लागि छनौट गरी सिफारिस गर्न सक्नेछ।

११. <u>योग्यता तथा अयोग्यता सम्बन्धी व्यवस्थाः</u> (१) पुरस्कार प्राप्त गर्न देहाय बमोजिमको योग्यता पुरा भएको हुनु पर्नेछः

(क) नेपाली नागरिक हनुपर्ने,

(ख) सम्बन्धित विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको,

(ग) उच्च नैतिकता कायम गरेको,

(घ) राष्ट्रिय विज्ञान दिवसको उपलक्ष्यमा पुरस्कार प्राप्त नगरेको,

(ङ) कम्तिमा दश वर्ष निरन्तर रूपमा सम्बन्धित क्षेत्रमा कार्य गरेको।

(२) देहायको व्यक्ति पुरस्कार प्राप्त गर्न योग्य हुने छैनः-

(क) उपदफा (१) बमोजिम योग्यता नभएको,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण तथा निकासी पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, किर्ते वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्त हुन योग्य नभएको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र वा नागरिकता प्राप्त गरेको।

(३) उपदफा (१) बमोजिम योग्यता नभएको वा उपदफा (२) बमोजिम अयोग्य भएको व्यक्ति पुरस्कार प्राप्त गर्ने गरी सिफारिस भई पुरस्कार प्राप्त गरेको भनी कसैले उजुरी गरेमा वा कुनै स्रोतबाट मन्त्रालयलाई जानकारी प्राप्त हुन आएको अवस्थामा मन्त्रालयले विज्ञान प्रविधि तर्फको सहसचिवको संयोजकत्वमा कानून र प्रशासनतर्फको उपसचिव सम्मिलित तीन सदस्यीय समिति गठन गरी छानविन गराउने छ।

(४) उपदफा (३) बमोजिमको छानविन समितिले छानविन गरी मन्त्रालयमा पेश गरेको प्रतिवेदनमा पुरस्कार वदर हुने गरी सिफारिस भई आएमा त्यस्तो पुरस्कार वितरण नभएको भए प्राप्त गर्नेको नामावलीबाट त्यस्तो व्यक्तिको नाम हटाइनेछ र पुरस्कार वितरण भई सकेको भए फिर्ता गर्न सम्बन्धित व्यक्तिलाई जानकारी गराइने छ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल



श्री विद्या भट्टराई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

(५) उपदफा (४) बमोजिम पुरस्कार फिर्ता नगरेमा सरकारी बाँकी सरह असूल उपर गरी प्रमाणपत्र रद्दको सूचना प्रकाशन गरिनेछ।

## परिच्छेद-६
## विविध

१२. <u>जानकारी सम्बन्धी व्यवस्था</u> : (१) पुरस्कारका लागि मन्त्रालयबाट छनौटको निर्णय भए पश्चात समितिले सूचना प्रकाशनसम्बन्धी कार्य गर्नेछ र सम्बन्धित कार्यालय तथा व्यक्तिलाई पुरस्कारको सम्बन्धमा जानकारी गराउने कार्य मन्त्रालय मार्फत पत्राचार गरी गरिनेछ।

(२) पुरस्कार प्राप्त गर्ने व्यक्तिलाई नगद पुरस्कार रू. २५,०००/- का साथै अनुसूची-३ बमोजिमको ढाँचामा कदर-पत्र प्रदान गरिनेछ।

(३) उपदफा (२) बमोजिमको पुरस्कार प्राप्त गर्न सम्वन्धित पुरस्कृत व्यक्ति आफै उपस्थित हुनु पर्नेछ। कुनै कारणले आफू उपस्थित हुन नसकेमा आफ्नो तर्फबाट पुरस्कार लिन एकाघरको व्यक्तिलाई मञ्जुरनामा सहित पठाउन सकिनेछ।

(४) मन्त्रालयले यस कार्यविधि बमोजिम प्रदान हुने पुरस्कारको विवरण वेवसाइट मार्फत सार्वजनिक गर्नेछ।

१३. <u>सूचना प्रविधिको प्रयोग:</u> (१) समितिले आवेदन, मूल्याङ्कन तथा सिफारिसका कार्यको लागि आवश्यकता अनुसार सूचना तथा सञ्चार प्रविधिको उपयुक्त माध्यम प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रविधि प्रयोग गरी भए वा गरेको कुनै पनि काम-कारबाही वा मूल्याङ्कन रीतपूर्वक भए वा गरेको मानिनेछ।

१४. <u>बाधा अडकाउ:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा परेमा त्यस्तो मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन हुनेछ।

१५. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा लेखिएकोमा यसै बमोजिम र अन्य विषय प्रचलित नेपाल सरकारको कानून बमोजिम हुनेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

श्री विद्या भट्टराई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

अनुसूची-१

(दफा १० को उपदफा (३) र (४) सँग सम्बन्धित)

<u>सिफारिस फारम</u>

| | | |
|---|---|---|
| १. | सिफारिस गरिएको व्यक्ति/संस्थाको नामः | |
| २. | हाल कार्यरत निकाय (व्यक्तिको हकमा): | |
| ३. | पद (व्यक्तिको हकमा): | |
| ४. | सम्पर्क नं. | ई-मेल ठेगानाः |
| ५. | शैक्षिक योग्यता (व्यक्तिको हकमा): | |
| ६. | सम्बन्धित क्षेत्रमा अनुभवको विवरणः | |
| ७. | विशिष्ट योग्दानको विवरणः<br>(कार्यविधिको दफा ९(२) बमोजिम भर्ने) | |
| ८. | स्वमूल्याङ्कन (बढीमा ५०० शब्दको वाक्यमा):<br>(स्वमूल्याङ्कन गलत ठहरिएमा प्रचलित कानून अनुरूप कारवाही गरी यो फारम रद्द गरिनेछ।) | |
| ९. | कुनै फौजदारी अभियोग लागे/नलागेकोः<br>(कानूनी कारवाही भएकोमा सो अवधि पूरा भएको/नभएकोः) | |
| १०. | संस्थाको हकमा कालो सूचीमा रहे/नरहेकोः | |
| ११. | उल्लेखित विवरण झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी सहि गर्ने सम्बन्धित व्यक्ति<br>(संस्थाको हकमा आधिकारिक व्यक्ति तथा संस्थाको छाप) | हस्ताक्षरः<br>नाम:<br>मिति: २० । । |
| १२. | सिफारिसकर्ताको विवरणः | |
| १ | सिफारिसको व्यहोरा: | |
| २ | सम्बन्धित मन्त्रालय/निकाय/ कार्यालयको प्रमूखको | सम्बन्धित मन्त्रालय/निकाय/ कार्यालयको छाप |
| | सहिः | |
| | पदः | |
| | नामः | |
| | मिति: | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

श्री विद्या भट्टराई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

संलग्न गर्नुपर्ने कागजातहरूः

व्यक्तिको हकमाः

१. शैक्षिक योग्यता (स्नातह तहको)
२. कार्य अनुभव (resume)
३. प्रकाशित लेख, रचना, जर्नल आदि
४. आफ्नो कार्य क्षेत्रमा नवप्रवर्तनको उपयोग तथा प्रभावकारिता बारे विवरण
५. अनुसन्धान खोज तथा प्रविधि विकास सम्बन्धी विवरण
६. स्वमूल्याङ्कन प्रतिवेदन (करिव ५०० शव्दमा उल्लेख गर्ने)
७. (विज्ञान शिक्षकको हकमा विद्यालयको शैक्षिक उपलव्धी तथा विज्ञान नवप्रवर्तन सम्बन्धी सामूदायिक क्रियाकलापमा संलग्नता सम्बन्धी विवरण समेत संलग्न गर्ने)

संस्थाको हकमाः

१. उद्योग दर्ता प्रमाणपत्रको छाँयाप्रति
२. नवप्रवर्तन सम्बन्धी कार्यहरूको विवरण
३. रोजगारी संख्या
४. पेटेण्ट, ट्रेडमार्क तथा डिजाईन दर्ता प्रमाणपत्रको छाँयाप्रति
५. गत दुई आ.व. मा गरेको निर्यात सम्बन्धी विवरण
६. घरेलु तथा स्थानीय कच्चा पदार्थको उपयोगको विवरण
७. उद्योगमा value addition को क्षमता तथा विवरण।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

श्री विद्या भट्टराई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

अनुसूची -२

(दफा १० को उपदफा (५) संग सम्बन्धित)

<u>मूल्याङ्कनका आधार र फारम</u>

१. दफा ९ को उपदफा (१) को क्र.सं. १-५ सम्मको विधाका लागि मूल्याङ्कनको आधार:-

| सि. न | विवरण र उपलब्ध अंक | अधिकतम अंक भार | प्रासाङ्क |
|---|---|---|---|
| १ | विज्ञान तथा प्रविधि क्षेत्रमा गरिएको योगदानको अवधि वर्षमा | २० | |
| | क. दश वर्ष अंक - १०<br>ख. दश वर्ष देखि पन्ध्र वर्ष सम्म अंक - १५<br>ग. पन्ध्र वर्ष वा सो भन्दा माथि - २० | | |
| २ | विज्ञान तथा प्रविधि क्षेत्रमा गरिएको प्रकाशन | ४० | |
| | क. लेख रचना - ५<br>ख. पुस्तकं - ५<br>विज्ञान तथा प्रविधि अध्ययन प्रतिवेदन - १०<br>जर्नल प्रकाशन i) SCI Indexed वा ii ) NepJOL Indexed - २० | | |
| ३ | अनुसन्धान प्रविधि विकास तथा नवप्रवर्तनमा योगदान | ३० | |
| | (क) नवप्रवर्तनको उपयोग तथा प्रभावकारिता - २०<br>अ. आफ्नो कार्य क्षेत्रमा विज्ञान प्रविधिको उपयोग - ५<br>आ. आफ्नो कार्य क्षेत्रमा नवीन सेवा वा उपकरण जडान/सञ्चालन - १५ | | |
| | (ख)अनुसन्धान खोज तथा प्रविधि विकास -१०<br>अ. अनुसन्धान खोज -५<br>आ. प्रविधि विकास -५ | | |
| ४ | शैक्षिक योग्यता | १० | |
| | क. स्नातक तह -७<br>ख. स्नातकोत्तर तह -८<br>ग. विद्यावारिधि -१० | | |
| | कुल जम्मा अंक | १०० | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

श्री विद्या भट्टराई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

२. दफा ९ को उपदफा (१) को क्र.सं. ८ को विधाका लागि मूल्याङ्कनको आधारः

| क्र. सं | विवरण | अधिकतम अंक भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | सञ्चालन अवधि वर्ष<br>क. ५ वर्ष पुगेको –५<br>ख. ५ देखि १० वर्ष - ८<br>ग. १०वर्षभन्दा बढी -१० | १० | |
| २ | नवप्रवर्तन सम्बन्धी कार्य | २५ | |
| | क. नयाँ प्रविधि आयात गरी सफलता पूर्वक सञ्चालन गरेको-१०<br>ख. प्रविधि वा प्रक्रियामा सुधार/स्तरोन्नति-१०<br>ग.अनुसन्धान तथा प्रविधि विकास -५ | | |
| ३ | रोजगारी सिर्जना | १५ | |
| | क. ५० जना सम्म -१०<br>ख. ५० जनाभन्दा बढी -१५ | | |
| ४ | बौद्धिक सम्पत्ति दर्ता | १० | |
| ५ | निर्यातमूलक उद्योग | १५ | |
| | क. गत आ.व.मा निर्यात गरिएको -१०<br>ख. गत २ आ.व.मा निर्यात गरिएको -१५ | | |
| ६ | Value addition<br>क. ५०% सम्म - ५<br>ख. ५०% भन्दा बढी -१० | १० | |
| ७ | घरेलु तथा स्थानीय कच्चा पदार्थको उपयोग<br>क. ५०% सम्म - १०<br>ख. ५०% भन्दा बढी -१५ | १५ | |
| | कुल जम्मा अंक | १०० | |

३. दफा ९ को उपदफा (१) को क्र.सं. ७ को विधाका लागि मूल्याङ्कनको आधारः-

| क्र. सं | विवरण | अंक भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | विज्ञान तथा प्रविधि पत्रकारितामा अनुभव | ४० | |
| २ | विज्ञान तथा प्रविधि पत्रकारितामा समाचार संकलन तथा प्रतिवेदन लेख रचना प्रकाशन | ४० | |
| ३ | स्व-मूल्याङ्कन प्रतिवेदन ( Self-appraisal report) | २० | |



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

श्री विद्या भट्टराई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

४. दफा ९ को उपदफा (१) को क.सं. ६को विधाका लागि मूल्याङ्कनको आधारः

| सि. न | विवरण र उपलब्ध अंक | अधिकतम अंक भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | विज्ञान अध्यापन अनुभव | २० | |
| | क. ७ वर्षदेखि १० वर्षसम्म - १५<br>ख. १० वर्षदेखि २० वर्षसम्म - १७<br>ग. २० वर्ष भन्दा माथि - २० | | |
| २ | शैक्षिक योग्यता | २० | |
| | क. स्नातक तह -१५<br>ख.स्नातकोत्तर तह -१७<br>ग. विद्यावारिधि -२० | | |
| ३ | विज्ञान तथा प्रविधिसँग सम्बन्धित शिक्षण सामाग्री तयारी | २० | |
| ४ | विद्यालयको शैक्षिक उपलब्धि | २० | |
| | SEE/SLC परीक्षामा औसत GPA नतिजा<br>क. GPA २.६५ देखि ३.० सम्म -१५<br>ख. GPA ३.० देखि ३.३५ सम्म -१७<br>ग. GPA ३.३५ देखि माथि -२० | | |
| ५ | विज्ञान तथा नवप्रवर्तनसँग सम्बन्धित सामूदायिक क्रियाकलापमा सक्रियता | २० | |
| | क. विज्ञान प्रयोगशाला, विज्ञान क्लव स्थापना/सञ्चालन -१०<br>ख. विज्ञान समाज/संघमा संलग्नता वा आवद्धता -१० | | |
| | कुल जम्मा अंक | १०० | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

श्री विद्या भट्टराई
माननीय मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि

अनुसूची -३

(दफा १२ को उपदफा (२) संग सम्बन्धित)

<u>प्रमाणपत्रको ढाँचा</u>

नेपाल सरकार

शिक्षा, विज्ञान प्रविधि मन्त्रालय

सिहंदरबार, काठमाडौ

राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन पुरस्कार, २०--

प्रमाण-पत्र

--औं राष्ट्रिय विज्ञान दिवस, २०-- को शुभ अवसरमा विज्ञान प्रविधि तथा नवप्रर्वतनको क्षेत्र अन्तर्गत-------विधामा उल्लेखनीय योगदान पुर्‍याउनु भएकोमा कदर स्वरूप -------मा कार्यरत/आवद्ध श्री-----------लाई राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन पुरस्कार, २०-- द्वारा सम्मानित गरिएको छ। पुरस्कृत हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै तपाईंको सिर्जनात्मक निरन्तरताको लागि शुभ-कामना व्यक्त गर्दछौं।

| | | |
|---|---|---|
| ------------------ | ------------------ | ------------------ |
| नाम----------- | नाम: | नाम: |
| (सचिव) | (मन्त्री) | (प्रमुख अतिथि) |

(विज्ञान दिवसको नारा -----------------------------------------------------)

वि. स. २०-- असोज १ गते ---बार